नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५-५६५२७४
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७७/७८
चलानी नम्बर ६०९९

मिति २०७८।०३।०६

**विषय: निर्णय प्रति पठाईएको सम्बन्धमा ।**

श्री गृह मन्त्रालय
(शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरबार, काठमाण्डौ ।
श्री गृह मन्त्रालय
(विपद् प्रतिकार्य शाखा)
सिंहदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा कास्की ।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
गण्डकी प्रदेश, पोखरा कास्की ।
श्री जिल्लास्थित सबै सुरक्षा निकायहरु/सरकारी कार्यालय सबै, तनहुं ।
श्री जिल्लास्थित संचारकर्मी सबै, तनहुं ।

प्रस्तुत विषयमा आज मिति २०७८।०३।०६ गतेका प्रमुख जिल्ला अधिकारी सागर आचार्यज्यूको अध्यक्षतामा बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकको निर्णय प्रति पाना- २ अवगतार्थ यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

०७८।३।६

(राममणी मिश्र)
प्रशासकीय अधिकृत

मिति २०७८ साल असार ६ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यज्यूको अध्यक्षतामा बसेको कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश दफा १७ बमोजिम गठन भएको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिमको उपस्थितिमा कोभिड-१९ कोरोना संक्रमण महामारी रोकथाम तथा नियन्त्रण सम्वन्धमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्य | - संयोजक |
| २. | नि. जिल्ला समन्वय अधिकारी श्री रामचन्द्र ढकाल | - सदस्य |
| ३. | सेनानी श्री सुजन लिम्बु, कालीभञ्जन गण(ई)चापाघाट | - सदस्य |
| ४. | प्रहरी उपरिक्षक श्री अरुण पौडेल, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| ५. | शसस्त्र प्रहरी उपरिक्षक संजय भट्टराई,शसस्त्र प्रहरी बल, मनकामना गण | - सदस्य |
| ६. | उप-अनुसन्धान निर्देशक श्री शेरजंग बहादुर चन्द, रा.अ.जिल्ला कार्यालय | - सदस्य |
| ७. | मे.सु.डा. सुनिल पौडेल, दमौली अस्पताल,तनहुँ | - सदस्य |

बिशेष आमन्त्रित

१. प्रमुख श्री शान्तिरमण वाग्ले , जिल्ला समन्वय समिति , तनहुँ

आमन्त्रित

१. सहायक प्रमुख जिल्ला अधिकारी श्री चित्राङ्गत बराल , जिल्ला प्रशासन कार्यालय , तनहुँ

२. डिल्लीराम सिग्देल , प्रमुख प्रशासकिय अधिकृत , व्यास नगरपालिका , तनहुँ

३. कार्यालय प्रमुख श्री शंकर बाबु अधिकारी , स्वास्थ्य कार्यालय , तनहुँ

४. अध्यक्ष श्री उज्वल पौडेल , नेपाल पत्रकार महासंघ तनहुँ शाखा

५. अध्यक्ष श्री पविन्द्र कुमार श्रेष्ठ, उद्योग वाणिज्य संघ , तनहुँ

निर्णय नं. १

पूर्व बैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतिको बारेमा छलफल तथा समिक्षा गरियो ।

निर्णय नं. २

निषेधाज्ञाको विधिका विषयमा जिल्ला समन्वय समितिमा भएको समन्वय बैठको निर्णय र तनहुँ उद्योग वाणिज्य संघको पत्र प्राप्त भएको विषय बैठकमा जानकारी गराईयो । देशका अन्य जिल्ला जस्तै तनहुँ जिल्ला पनि कोभिड-१९ को संक्रमणको उच्च जोखिम रहेको भनि मिति २०७८।०१।२७ गते राती १२:०० बजे देखि तनहुँ जिल्ला भर लागु हुने गरि जारि भएको निषेधाज्ञाको आदेशको निरन्तरता दिंदै २०७८।०३।०७ गते राती १२:०० बजे सम्मका लागि थप गरिएको निषेधाज्ञा र यसको कार्यान्वयन अवस्थाको विषयमा छलफल तथा समिक्षा भयो । कोभिड-१९ को जोखिम अझै कमी नभएको र जाँच गरेका समुदायमा व्यापक फैलि रहेको अवस्थालाई ध्यानमा राखि उक्त निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै २०७८ असार १६ गते सम्म थप गर्न प्रमुख जिल्ला अधिकारीलाई सिफारिस गर्ने र निषेधाज्ञा कडाईका साथ कार्यान्वयन गर्न स्थानीय तह लगायत सबै पक्षबाट आवश्यक सहयोग गर्ने, साथै यस अघि स्वास्थ्य र सुरक्षाका मापदण्ड पूरा गरि समयावधि तोकि खुला गरिएका उत्पादन र निम्न कार्य सेवा बाहेक निम्न व्यवसायलाई देहाय बमोजिमको समयमा खोल्न दिने निर्णय गरियो ।

तपसिल

(क) भर्चुअल बाहेक शिक्षण संस्थामा हुने पठनपाठन, तालिम प्रशिक्षण, सेमिनार ।

(ख) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहरी, नाचघर, हेल्थ क्लब,सैलुन सेवा, ब्यूटिपार्लर सेवा (कस्मेटीक विक्रि बाहेक) जिमखाना, स्विमिङ् पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकूल, मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लागायतका धार्मिक स्थलमा ( जिम्मेवार व्यक्तिले नित्य पूजा, ध्यान र प्राथना मात्र गर्ने गराउने बाहेक), होटल, रेष्टुरेण्टबाट तयारी खाना खाजा घर लगेर खाने बाहेक, निजी र सार्वजनिक यातायात ।

(ग) बैंक तथा वितिय संस्थाहरु (न्यूनतम कर्मचारी राखि आवश्यक सेवाको लागि विहान १०:०० बजे देखि दिउसो २:०० बजे सम्म खोल्ने) ।

(घ) अत्यावश्यक सेवा तथा वस्तु यस अघि विहान ५:०० बजे देखि १०:०० बजे सम्म खोल्ने भनिएकोमा विहान ५:०० बजे देखि ९:०० बजे सम्म खुल्ला गर्ने, अन्य खोल्न अनुमति दिइएको माथि उल्लेखित सेवा तथा व्यवसाय विहान ८:०० बजे देखि ११:०० बजे सम्म खोल्न दिने ।

(ङ) स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना नगरी आउने ग्राहकलाई व्यापार नगर्न र व्यवसायीहरुले समेत स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरि व्यवसाय गर्न अनुरोध गरिएको छ । सो गरे गराएको नपाईएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश अनुसार कानूनी कारवाही गर्ने ।

निर्णय नं. ३

यस जिल्लामा कोभिड-१९ को संक्रमण समुदाय स्तरमा फैलिएको, स्वास्थ्य सुरक्षाका मापदण्डको पालना नगरि व्यवहार गर्दा भयावह स्थिति सृजना हुन सक्ने अवस्था समेतलाई मध्यनजर गरि सबै जनसमुदायलाई जुनसुकै पेशा व्यवसाय र व्यवहार गर्दा तोकिएका स्वस्थ्य सुरक्षाका मापदण्ड पालना गर्न अनुरोध गर्ने, साथै स्थानीय तहहरुले एन्टीजेन्ट परीक्षण र स्वाब संकलनको दायरा बढाउने एवं होम आईसोलेशनमा रहेका संक्रमितको अनुगमन गरि लापरवाही गर्नेलाई कारवाही गर्न सिफारिस गर्न अनुरोध गर्ने निर्णय गरियो ।